नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टिकापुर/सुखड, कैलाली

फोन नं.: ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

## कृषि उत्पादन तथा प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि औजार यन्त्र उपकरणमा आपूर्तिकालागि शिलबन्दी दरभाउ प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. ०९/२०८२/८३ (प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/१०/०८)

रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई (३१२०१७७०१), टीकापुर, कैलालीको आ.ब. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि उत्पादन तथा प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि औजार यन्त्र उपकरण खरिदमा ५० प्रतिशत अनुदान सहयोग उपलब्ध गराउने बमोजिम तपशिल अनुसारका कृषियन्त्र औजार उपकरणहरु के कति दररेटमा आपूर्ति गराउन सक्ने हो ? सो सम्बन्धि दरभाउ प्रस्ताव पेशगर्न इजाजत प्राप्त कृषियन्त्र उपकरण उत्पादक/आपूर्तिकर्ता/डिलर/एजेन्ट फर्महरुकालागि दररेट प्रस्ताव पेशगर्न यो सूचना प्रकाशित गरिएको छ। प्रति इकाई कृषि यन्त्रको न्यूनतम मूल्य कायम गर्ने हेतुले आयोजनाद्वारा तयार पारिएको दरभाउ प्रस्ताव पत्र, प्रचलित ऐन कानून, यसै सूचनामा उल्लेखित शर्त र प्रावधानहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन (२०८२/११/०८ गतेसम्म) कार्यालय समयभित्र दरभाउ प्रस्ताव खरिदगरी ३१ औं दिन (२०८२/११/०९ गते) (सो दिन बिदा परेमा भोलिपल्ट) दिनको १२.०० बजेभित्र यस आयोजना एकाई कार्यालय टीकापुर वा सम्पर्क कार्यालय सुखडमा हुलाक/कुरियर मार्फत वा स्वयं उपस्थित भै शिलबन्दी दरभाउ प्रस्ताव पेशगर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आपुर्ति गर्नुपर्ने कृषियन्त्रहरु:**

- पावरटिलर, पावरटिलर रिपर, केज व्हील, कनेक्टर, हब कनेक्टर
- कम्बाइन हार्वेस्टर- ट्र्याक, कम्बाइन हार्वेस्टर- व्हील, ट्राक्टर, ट्राक्टर-ट्राली, बेलर
- धान थ्रेसर, गहुँ थ्रेसर, मकै थ्रेसर
- रोटाभेटर, रोटो सिड ड्रिल, सिड कम फर्टिलाइजर ड्रिल, कल्टिभेटर, डिस्क ह्यारो, रिजर
- धान ट्रान्सप्लान्टर, प्याडी ड्रायर
- डिजेल लोडर, पावर स्प्रेयर
- सिड ग्रेडिंग मेशिन, साइलेज मेशिन, स्ट्र रिपर, पेलेट मेशिन, च्याफकटर
- आलु प्लान्टर, आलु हारभेस्टर

**आवश्यक शर्त तथा कागजातहरु**

१. दरभाउ प्रस्ताव फाराम रु. ५०००(पाँचहजार रुपैयाँ) नगद बुझाई (फिर्ता नहुनेगरी) वा नेपाल बैङ्क लि.को राजश्व खाता मा कार्यालय कोड नम्बर ३१२०१७७०१ राजश्व शिर्षक नं. १४२२९ मा सो बराबरको राजश्व रकम बुझाएको सक्कल बैङ्क भौचर पेशगरी यस आयोजना एकाई कार्यालय टीकापुर/सम्पर्क कार्यालय सुखडबाट प्राप्त गर्न सकिनेछ।

२. दरभाउ प्रस्तावकले यस सूचना बमोजिम दरभाउ प्रस्ताव पेशगर्दा सम्पूर्ण कृषियन्त्रहरुको कूल जम्मा बोल कबोल रकमको ३ प्रतिशत नेपाल सरकारको एकल धरौटी खाता नं. ४१७०१००१०२०३०००० को.ले.नि.का. कैलालीको नाममा जम्मा गर्न कार्यालय रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कोड नं. ३१२०१७७०१ उल्लेख गरी राष्ट्रिय वाणिज्य बैङ्कमा जम्मा गरेको बैङ्क भौचर वा प्रस्ताव पेशगर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको आयोजनाको नाममा "क" वर्गको बैङ्कको बैङ्क ग्यारेन्टी पेश गर्नुपर्नेछ।

३. दरभाउ प्रस्ताव पेशगर्दा प्राविधिक प्रस्तावमा रु. १० को हुलाक टिकट टाँस गरेको प्रस्तावपत्र पेश गरेको आशयको निवेदन, आ.ब. २०८१/८२ को करचुक्ता प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, फर्मको मू.अ.कर प्रमाणपत्र, फर्म ब्यवसाय इजाजत पत्र, कृषियन्त्र उत्पादक/बिक्रेता/डिलर/बितरक इजाजतपत्र, आयोजना कार्यक्षेत्र भित्र कृषियन्त्र मर्मत सम्भार केन्द्र भएको प्रमाण लगायतका प्रमाणहरुको प्रमाणित प्रतिलिपिहरु, बोल कबोल कूल जम्मा रकमको ३ प्रतिशत धरौटी वा बैङ्क ग्यारेन्टी, कृषियन्त्र आपूर्ति सम्बन्धि कार्य अनुभवको प्रमाण, प्रस्तावित उपलब्ध गराउनसक्ने कृषियन्त्र उपकरणहरुको जानकारी झल्किने Catalogues वा Leaflets वा Brochures etc. लगायत कागजात अनिवार्य रुपमा पेशभएको हुनुपर्नेछ।

४. आर्थिक प्रस्तावमा दरभाउ प्रस्ताव फारमको कृषियन्त्र उपकरणको मूल्य बिवरण सम्बन्धि फारममा आपूर्ति गर्न सक्ने कृषियन्त्रहरुको Technical Specification तथा ब्रान्ड/मोडेल र उत्पादनकर्ता समेत उल्लेखगरी सम्बन्धित कृषियन्त्रको इकाई दररेट र जम्मा मूल्य अङ्कमा र अक्षरमा स्पष्टरुपमा दरभाउ प्रस्ताव फारममा उल्लेख भएको दरभाउ प्रस्तावपत्र पेश हुनुपर्नेछ। दरभाउ प्रस्ताव फारममा तोकिएका अन्य सम्पूर्ण बिवरण समेत उल्लेख गरी दरभाउ प्रस्तावपत्रको प्रत्येक पानामा प्रस्तावकको सहीछाप समेत गरेको हुनुपर्नेछ।

५. रीतपूर्वक पेश भएका प्रस्तावहरु यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिन (मिति २०८२/११/०९ गते) (सो दिन बिदा परेमा भोलिपल्ट) अपरान्ह २.०० बजे प्रस्तावदाता प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ तर प्रस्तावदाताहरुको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन। समयसीमाभित्र रीतपूर्वक पेशनभएको दरभाउ प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन।

६. दरभाउ प्रस्ताव सम्बन्धि छलफल तथा अन्य बिषयवस्तुमा स्पष्ट हुनकालागि दरभाउ प्रस्ताव सम्बन्धि पूर्व बैठक (Pre-Bid Meeting) मिति २०८२/१०/२९ गते अपरान्ह २.०० बजे आयोजनामा हुनेछ। उक्त दिन बिदा परेमा भोलिपल्ट हुनेछ। उक्त बैठकमा सहभागी हुन चाहने दरभाउ प्रस्तावकहरु बैठकमा सहभागि हुन सकिनेछ।

७. प्रचलित कानून र शर्त अनुसार दरभाउ प्रस्ताव आंशिक वा पूर्णरुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस आयोनजनामा निहित रहनेछ र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

८. यस सूचना बमोजिम पेशहुन आएका कृषियन्त्रहरुको दरभाउ प्रस्ताव स्वीकृति पश्चात स्वीकृत इकाई दररेटका आधारमा लाभग्राही कृषकहरुलाई कृषियन्त्र आपूर्ति व्यवस्थापन हुनेछ। आपूर्ति, भुक्तानी प्रकृया लगायत अन्य सम्पूर्ण कुरा दरभाउ प्रस्तावपत्रमा उल्लेख भएकोले दरभाउ प्रस्ताव गहन रुपमा अध्ययन गर्नुहुन दरभाउ प्रस्तावकलाई जानकारी गराईन्छ। दरभाउ प्रस्ताव (Bid Document) र Farm Machinery Specification आयोजनाको वेभपेजमा उपलब्ध छन्।

९. कुनै कारणवश आयोजनाको कृषियन्त्र औजार उपकरणमा ५० प्रतिशत रकम अनुदान सम्बन्धि कार्यक्रम कार्यान्वयन हुन नसकेमा वा लाभग्राही कृषकहरुको कृषियन्त्र खरिदगर्ने इच्छा नभएमा आपूर्तिकर्ताले कृषियन्त्र औजार उपकरण आपूर्ति गर्नुपर्नेछैन र आयोजनाले कुनै भुक्तानी समेत गर्नेछैन। उक्त अवस्थामा आयोजना जिम्मेवार हुनेछैन। यो सूचना आयोजनाको वेवसाईट https://aciu.rjkip.gov.np वा Facebook Page: Rani Jamara Kulariya वा आयोजना सूचनापाटीमा समेत हेर्न सक्नुहुनेछ।

थप जानकारी चाहिएमा कार्यालयको सम्पर्क नं. ०९१-५६१४१५ मा सम्पर्क गर्नसकिनेछ।